श्री ५ को सरकार

# वन मन्त्रालयको

# सूचना

## पञ्चायत संरक्षित वन (पहिलो संशोधन) नियमावली, २०३६

पञ्चायत संरक्षित वन नियमावली, २०३५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, वन ऐन, २०१८ को दफा ३२ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरूको नाम "पञ्चायत संरक्षित वन (पहिलो संशोधन) नियमावली, २०३६" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. पञ्चायत संरक्षित वन नियमावली, २०३५ को नियम २ मा संशोधन : पञ्चायत संरक्षित वन नियमावली, २०३५ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २ को खण्ड (ख) पछि देहायको खण्ड (ग) थपिएको छः–

"(ग) "स्वीकृत योजना" भन्नाले श्री ५ को सरकारबाट स्वीकृत वन योजना सम्झनु पर्छ ।"

३. मूल नियमावलीको नियम ३ मा संशोधन : मूल नियमावलीको नियम ३ को उप-नियम (१) मा "बढीमा" भन्ने शब्द प्रयोग भइरहेको ठाउँहरूमा सो शब्दको सट्टा "साधारणतया" भन्ने शब्द र "पाँचहजार रोपनीसम्म" भन्ने शब्दहरूको सट्टा "दश हजार रोपनीसम्म" भन्ने शब्दहरू राखिएका छन् ।

४. मूल नियमावलीको नियम ४ मा संशोधन : मूल नियमावलीको नियम ४ को उप-नियम (२) मा रहेको "नजोडेको एक छुट्टै वन" भन्ने शब्दहरूको सट्टा "छुट्टिने गरी स्पष्ट वन सीमाना भएको" भन्ने शब्दहरू राखिएका छन् ।

५. मूल नियमावलीमा नियम ८ क. थप : मूल नियमावलीको नियम ८ पछि देहायको नियम ८ क. थपिएको छः–

"८क. बीज बिरूवा निःशुल्क उपलब्ध हुने : पञ्चायत संरक्षित वन कायम राख्न तथा पुनः वृक्षरोपण र सुव्यवस्थाको लागि आवश्यक पर्ने बीज बिरूवा स्थानीय वन कार्यालयबाट स्थानीय पञ्चायतलाई निःशुल्क उपलब्ध हुनेछ ।"

६. मूल नियमावलीको नियम १० मा संशोधन : मूल नियमावलीको नियम १० को खण्ड (ग) र (घ) को सट्टा देहायका खण्ड (ग) र (घ) राखिएका छन्:–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गराएपछि मात्र लागु हुनेछ।

"(ग) बगैंचा, खेती र फर्मको रूपमा जग्गा आवाद गर्न,

(घ) वन सुरक्षाको लागि छाप्रोहरू बनाउन बाहेक अन्य घर छाप्रो बनाउन,"

७. मूल नियमावलीको नियम ११ मा संशोधन : मूल नियमावलीको नियम ११ को प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राखिएको छ:–

"तर स्वीकृत योजना अनुरूप सम्बन्धित अधिकारीले पञ्चायत संरक्षित वनको घाँस, स्याउला, डालेघाँस, दाउरा र जडीबूटी सम्बन्धित स्थानीय पञ्चायत क्षेत्रको जनताको दैनिक उपभोगको लागि निःशुल्क वितरण गर्न सक्नेछ ।"

८. मूल नियमावलीको नियम १३ मा संशोधन : मूल नियमावलीको नियम १३ को उप-नियम (२) मा रहेको "चालीस प्रतिशत" भन्ने शब्दहरूको सट्टा "पचहत्तर प्रतिशत" भन्ने शब्दहरू राखिएका छन् ।

९. मूल नियमावलीको अनुसूची १ मा संशोधन : मूल नियमावलीको अनुसूची १ को खण्ड (ङ) पछि देहायका खण्ड (च), (छ) र (ज) थपिएका छन्:–

"(च) मालपोत वा अरू कुनै तिरो तिरेको छ छैन:–

(छ) गत तीन वर्षभित्र सो वन क्षेत्रको जग्गा आवाद भएको छ छैन:–

(ज) वन डिभिजन कार्यालयले बनाएको कार्य योजना अनुरूप वन पैदावार बिक्री-वितरण गर्न इच्छुक छ छैन:–"

आज्ञाले–

मी. सु. प्रकाशमान सिंह

श्री ५ को सरकारको सचिव

552

श्री ५ को सरकारको छापाखानामा, सिंहदरबार, काठमाडौंमा मुद्रित

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरेपछि मात्र लागु हुनेछ।